# नेपाल राष्ट्र बैंक

## केन्द्रीय कार्यालय

### सामान्य सेवा विभाग, वालुवाटार, काठमाण्डौंको

### नेपाल राज्यभरिका विभिन्न स्थानहरुमा डकुमेन्ट, पार्सल, बुलेटिन आदि ढुवानी गर्ने वारेको

### सिलवन्दी दरभाउपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मितिः २०६६/०३/१०)

यस बैंकको केन्द्रिय कार्यालय अर्न्तगतको विभाग/कार्यालय/महाशाखाहरुबाट आ.व.२०६६/६७ को लागि नेपाल राज्यभरिका विभिन्न स्थानहरुमा डकुमेन्ट, पार्सल, बुलेटिन आदि ढुवानी गरी सम्वन्धित ठाउमा पुऱ्याउने कार्यको लागि उक्त कार्यमा संलग्न ईच्छुक कुरियर्स/फर्म/कम्पनीहरुसंग यो सूचना प्रकाशित भएको मितिले १५ दिन (मिति २०६६/०३/२४) गते दिनको ४.०० वजेसम्म यस विभागबाट दरभाउपत्र फारम खरिद गरी उक्त दरभाउपत्र फारम भोलि पल्ट (मिति २०६६/०३/२५) गते दिनको १२.०० वजे भित्र यस विभागमा आई पुग्ने गरी सिलवन्दी रुपमा पेश गर्न आह्वान गरिन्छ । उक्त दरभाउपत्र सोही दिन अपरान्ह १.३० वजे खोलिनेछ ।

दरभाउपत्र फाराम रु.५००।- (पछि फिर्ता नहुने) तिरी यस विभागबाट प्राप्त गर्न सकिनेछ । दरभाउपत्रसाथ विड वण्ड वापत रु.१५,०००।- हुने रकम यस बैंकको थापाथलीास्थित सा.हि.नं. ९ मा नगदै जम्मा गरेको सक्कल भौचर वा सो रकम बराबर दरभाउपत्र पेश गर्ने अन्तिम मितिले ६० दिन अवधि भएको यस बैंकबाट ईजाजत प्राप्त बाणिज्य बैंक तथा वित्तीय संस्थाबाट यस बैंकको पक्षमा जारी गरिएको बैंक ग्यारेण्टी संलग्न हुनु पर्नेछ । दरभाउपत्र सम्वन्धी अन्य शर्त तथा बिवरणहरु दरभाउपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन ।

आन्तरिक प्रशासन फांट

खरिद इकाई

सामान्य सेवा विभाग

वालूवाटार